# सशस्त्र युद्धभूमि रोल्पामा बुद्ध विहार र ध्यान केन्द्र

**खेमबहादुर बुढा** | *रोल्पा*



विगतको दशवर्षे युद्धको आधारभूमि मानिएको रोल्पामा बौद्ध विहार र ध्यान केन्द्र बन्दै छ। बुद्धजयन्तीको अवसरमा सोमबार यहाँ विहार बन्ने रोल्पाको कोटालिममा बुद्धमूर्तिको अनावरण गरिएको छ।

२५६९ बुद्धजयन्तीकै दिन रोल्पा नगरपालिका-६ कोटगाउँको कोटालिम डाँडामा पहिलो पटक बुद्धमूर्ति प्रतिस्थापन गरिएको हो। तत्कालीन विद्रोही नेकपा माओवादीका नेता एवं लुम्बिनी प्रदेश सांसद दीपेन्द्रकुमार पुनमगरले बुद्ध गुम्बाको उद्घाटनसँगै बुद्धमूर्ति अनावरण गरे। युद्धताका रोल्पामा कहीँकतै बुद्धमूर्ति थिएनन्। शान्ति प्रक्रियाको दुई दशक पुग्नै लाग्दा भने बुद्ध विहार बनाउन थालिएको छ।

रोचक र सुखद् पक्ष बुद्ध विहार र ध्यान केन्द्रको निर्माणमा पहलकदम नेकपा माओवादीका नेता एवं लुम्बिनी प्रदेशका पूर्वस्वास्थ्यमन्त्रीसमेत रहेका पुनमगरले लिएका छन्। 'बुद्ध धर्म नभएर दर्शन हो।' सांसद पुनमगरले भने, 'शुद्ध बाटोमा सबै लाग्न जरुरी छ।' विहार र ध्यान केन्द्र निर्माण अभियानको संरक्षक सांसद पुन मगर छन्। यहाँ बुद्धजयन्तीसमेत मनाइयो। बुद्धजयन्तीको अवसरमा शुभकामना आदानप्रदान पनि भयो। बुद्धजयन्ती मनाइएको र शुभकामना आदानप्रदान जिल्लामै पहिलो हुन सक्ने जनाइएको छ।

शान्ति विहार तथा ध्यान केन्द्र रोल्पा र बीडीए सांस्कृतिक संरक्षण केन्द्र नेपाल घोराही दाङको संयुक्त आयोजनामा शुभकामना आदानप्रदान गरियो। शान्ति विहार तथा ध्यान केन्द्र स्थापना गर्न गुम्बा र मूर्ति राखिएको आयोजकले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि रहेका सांसद पुनले संसारभर बुद्ध दर्शनको ठूलो महत्व रहेको बताए। स्थानीय बाजागाजासहित विहार निर्माणस्थल पुगेका थिए। ध्यान केन्द्रका अध्यक्ष हर्क बुढा मगर, सचिव मानसिंह विक, कोषाध्यक्ष खुस्मा पुन सहितको समूह विहार निर्माणमा सक्रिय रहेका छन्। विहार निर्माणस्थल सदरमुकाम लिबाङबाट आधा घण्टा गाडी यात्रामा पुग्न सकिन्छ।

पश्चिम रोल्पाको माडी गाउँपालिका-१ घोइलेगेरामा पनि बौद्ध गुम्बाको उद्घाटन गरिएको छ। माओवादीका नेता एवं माडी गाउँपालिका अध्यक्ष अमरसिंह घर्ती मगरले गुम्बाको उद्घाटन गरेका हुन्।

यसअघि गुरुङ गाउँको दहचौरमा पनि गुरुङ समुदायले बुद्ध पार्क निर्माण गरेको छ। बुद्ध विहार, ध्यान केन्द्र र बुद्धमूर्ति निर्माण र स्थापना हुनु शान्ति बहालीको संकेत मान्न सकिन्छ।

# 'संयमता अपनाएकोमा भारत र पाकिस्तानलाई धन्यवाद'



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले भारत-पाकिस्तानबीचको युद्ध रोकेर संयमता अपनाएकोमा धन्यवाद दिएका छन्। सोमबार लुम्बिनीमा आयोजित २५६९ औं बुद्ध जयन्ती मूल समारोहमा उनले यस्तो बताएका हुन्।

उनले भने, 'झन्डै-झन्डै केही दिन अगाडि मात्रै हाम्रै छिमेकमा अलिकति हात हालाहाल भएको थियो। तर त्यो हात हालाहाल बढ्न पाएन। संयमका लागि उहाँहरूलाई धन्यवाद छ।'

प्रधानमन्त्री ओलीले आफूहरूले सुरुदेखि हात हालाहालको स्थिति विस्तार हुन नपाओस् र लडाइँमा परिणत हुन नपाओस् भन्ने कामना गरेको बताए। उनले भने, 'उहाँहरूसित पनि कुरा गर्‍यौं, नभन्दै उहाँहरूले लडाइँमा जान नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। फेरि पनि केही खसखस र आरोप प्रत्यारोपको स्थिति छ।'

प्रधानमन्त्री ओलीले विश्व मानव अस्तित्व र पृथ्वीको सुरक्षाका लागि बुद्धको सन्देश फैलाउनु आवश्यक रहेको बताए।

# बिहेको खाजा खाँदा जन्तीसहित एक सय बढी बिरामी

**जनकपुर** (अन्नपूर्ण) : धनुषाको मिथिला विहारी नगरपालिका-८ ठेरा कचुरीका नरेश महराको छोरीको बिहेमा खाजा खाँदा जन्तीसहित एक सय भन्दा बढी बिरामी परेका छन्।

जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्धिबाट गएराति ठेरा कचुरीमा पुगेको जन्ती स्वयम्बर सकिएपछि खाजामा बुनियाँ, रसबरी लगायतका अन्य मिष्ठान्न खाएको केही समयपछि पेट दुख्ने, बान्ता हुने, कमजोर हुन थालेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख उमेश यादवले बताए।

६० जनाभन्दा बढी प्रादेशिक अस्पतालमा भर्ना भएको र अन्यको नजिकको अस्पतालमा उपचार भइरहेको प्रमुख यादवले बताए । केही भने उपचारपश्चात् निको भएर घर फर्किसकेका छन्। 'खाजामै पोइजन भएर बिरामी परेको हाम्रो अनुमान छ। घटनास्थल पुगेर हामीले खाजाको नमुना ल्याएका छौं। परीक्षणका लागि प्रयोगशालामा पठाएको र परीक्षण गरेर के कारणले भएको हो भन्ने पुष्टि हुन्छ,' यादवले भने।


## पर्सा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, सर्लाही

मधेश प्रदेश, नेपाल

**पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/३०)

आ.व. २०८१/०८२

यस गाउँपालिका क्षेत्रअधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन् सोहि अवस्थमा नै आ.व. २०८१/०८२ देखि २०८६/०८७ सम्म ५ वर्षाको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरूबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दि बोल पत्र सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तपसिल अनुसार कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र देहाय को (पछि फिर्ता नहुने गरी) रकम भुक्तानी गरी बोलपत्र/दरभाउपत्र खरिद गर्न सकिने छ।

देहाय पोखरीको विवरण

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | दरभाउपत्र खरीद गर्ने मिति | बोलपत्र/दरभाउपत्र खुल्ने मिति र समय | बोलपत्र दस्तुर | न्युनतम रकम |
|---|---|---|---|---|---|---|
| १. | PRM/02/ 2081/082 | नरकटिया र चौरुधोइ पोखरी | २०८२/०२/२८ गते सम्म | २०८२/०२/२९ दिउँसो २:०० बजेपछी, बोलपत्र पेश गर्ने १२:०० बजेसम्म | ३०००।- | ३५,२७,५१०।- |
| २. | PRM/03/ 2081/082 | पनपिही, मोगलैहिया र बैरिया पोखरी | २०८२/०२/२८ गते सम्म | २०८२/०२/२९ दिउँसो २:०० बजेपछी, बोलपत्र पेश गर्ने १२:०० बजेसम्म | ३०००।- | ६५,६२,२३१।- |
| ३. | PRM/04/ 2081/082 | अन्डहिया र लबका पोखरी | २०८२/०२/१३ गते सम्म | २०८२/०२/१४ गते २:०० बजेपछी, दरभाउपत्र पेश गर्ने १२:०० बजेसम्म | १०००।- | १४,१०,०००।- |

(**नोट:** यस बोलपत्र सम्बन्धी थप सूचना तथा जानकारीको पूर्ण विवरण यस गाउँपालिकाको वेभसाइट ***www.parsamun.gov.np*** बाट प्राप्त गर्न हुन अनुरोध छ।)

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for Bids
Government of Madhesh Province (GoMP)
Ministry of Land Management, Agriculture and Cooperative
**Province Dairy Develoment Board**
**Janakpurdham, Dhanusha**

**Invitation for Electronic Bids for the Supply and Installation of Dairy Equipment**

IFB No. NCB/PDDBMP/eBQ01/2081-082/Goods
Date of First publication: 13/05/2025 (30/01/2082)

1. Ministry of Land Management, agriculture and Cooperative *invites* ***Electronic*** *bids* from eligible bidders for the procurement of following ***items under National competitive bidding procedures*** *specified in Public Procurement Act-2063 and Regulations-2064.*

| Descriptions | Contract ID | Quantity | Minimum Bid Security | cost of bid documents |
|---|---|---|---|---|
| 1. **Supply and Installation of Dairy Equipment** | **NCB/PDDBMP/eBQ01/ 2081-082/Goods** | 1 | **NRs. 115000.00** | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect each bidding document at the **Province Dairy Development Board, Janakpurdham, Dhanusha, E**-mail address pddb.janakpur@gmail.com or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Electronic bidding documents are available online and can be downloaded from e-GP system:www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit separate nonrefundable cost of each bidding document as mentioned above in the following bank and electronic scanned copy (pdf format) of deposit voucher must be submitted along with the each electronic bid files. Name of the Bank: **Rastriya Banijjya Bank LTD, Janakpur Branch.**
   Name of the Office: **Province Dairy Development Board Janakpurdham, Dhanusha**
   Office Code No. : **3120317012** Revenue Account No. : 1220100202030000
   Revenue Head No. : **14229**
4. Pre-bid meeting shall be held on 12.00 at **4th June, 2025**
5. Bidders should submit the electronic Bids through www.bolpatra.gov.np/egp to the Ministry of Land Management, agriculture and Cooperative, Madhesh Province, Janakpurdham, Dhanusha on or before **12:00** noon on **11 June, 2025.**
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **14:00 hours** on **11 June, 2025.** at the Ministry of Land Management, agriculture and Cooperative, Madhesh Province, Janakpurdham. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security of "A"class commercial Bank or cash deposit, amounting to a minimum of as mentioned above, which shall be valid for **minimum 30 days** beyond the bid validity period **90 days**.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The purchaser reserves the right to accept or reject, wholly, partly any or all bid documents without assigning any reasons, whatsoever. Incase of discrepancies or error in bid notice or any other documents purchaser reserve the right to amend or correct any time.



## लक्ष्मी सन्राइज बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०१/३०)

यस बैंक तथा साविक सन्राइज बैंक लि. को स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापामा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। निर्धारित समय भित्र यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२/०२/१४ गते (सो दिन सार्वजनिक बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन) दिउँसो ठिक ११:०० बजे बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापामा खोलिनेछ। सो स्थान र समयमा बोलपत्रदाताहरुलाई समेत उपस्थित हुन सूचित गरिन्छ। बोलपत्र फारम एक प्रतिको रु. १,०००/- (फिर्ता नहुने गरी) गरी यस बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापामा उपलब्ध छ। साथै बोलपत्र सम्बन्धी सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ।

तपसिल

| क्र.सं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (विगाहा/व.मी) |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | का.म.न.पा. | १० | २०२, ४७१, ५९४ | ०-४-०-०, ०-२-३-३, ०-१-२-० |
| २ | झापा | ज्यामिरगढी | ७ | १३५६, १३५८, १३६०, १३६२, १३७३, १३७२, १३७४, १३७७, १३७८, १३८२, १३७५, १३००, १३०२, १३०४, १३०५, १३०७, १३१९, १३२१, १३२८, १३८०, १२९४, १२९६, १२९८, १३०९, १३३९, १३१५, १३२३, १३३०, १३३४, १३३६, १३८५, १३३२ | ०-०-१२.२५-०, ०-०-१२-०, ०-०-११.७५-०, ०-०-११-०, ०-०-११-०, ०-०-७.५-०, ०-०-१३.२५-०, ०-१-२-०, ०-०-१३.२५-०, ०-०-९-०, ०-०-१२.२५-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१८.२५-०, ०-०-१४.७५-०, ०-०-१२.५-०, ०-०-१२.५-०, ०-०-११-०, ०-०-१६.२५-०, ०-०-१०.२५-०, ०-०-१०.२५-०, ०-०-१०-०, ०-०-१३.५-० ०-०-१२.७५-०, ०-०-११-०, ०-०-१२.२५-०, ०-०-१२.२५-० ०-०-१२.२५-०, ०-०-१२.२५-०, ०-०-१६.२५-०, ०-०-१२.२५-० |

**थप जानकारी:**
- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापाबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- बैंकलाई स्वीकार हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टाछुट्टै सम्पत्ति छुट्टाछुट्टै रुपमा बिक्री गर्न सकिनेछ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
ओखलढुंगा
कोशी प्रदेश,नेपाल

**स्पष्टिकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रकासित मिति २०८२।०१।३० गते

उपरोक्त सम्बन्धमा तपसिल बमोजिमको निर्माण कार्यको पटक पटक म्याद थप भई म्याद समाप्त हून लाग्दा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कूनै चासो नदिने तथा विभिन्न मितिमा यस कार्यालयद्धारा निर्माण कार्य सम्पन्न गर्न मौखिक र लिखित रुपमा ताकेता र सचेत समेत गराईएकोमा अटेरी गर्ने तथा निर्माण कार्यलाई अलपत्र पारी चरम लापर्वाही गरेको कार्य प्रति यस कार्यालयको गम्भीर ध्यान आकर्षण भएको छ । अत: हालसम्म निर्माण कार्य सम्पन्न हुन नसकेको उचित कारण सहितको स्पष्टिकरण पत्र तथा यस उपरान्त निर्माण कार्य सम्पन्न गर्ने तपाईको कार्य योजना,संशोधित कार्यतालिका सूचना प्रकासित मितिबाट ३ दिन भित्र यस कार्यालयमा स्वयम् उपस्थित भई पेश गर्न हून र ५ दिन भित्र निर्माण कार्य सूचारु गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्न जानकारी गराईन्छ । यो सूचनाको बेवास्ता गरी माथि उल्लेखित समयमा सम्पर्क राख्न नआए,निर्माण कार्य सूचारु नगरे वा स्वीकृत भए बमोजिमको कार्य नगरेमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४,प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा ठेक्का सम्झौतामा उल्लेखित सर्त/प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने,कार्य सम्पादन जमानत जफत गर्ने,कालो सूचीमा राख्न सिफारीस गर्ने र बाक्री निर्माण कार्यहरुको मुल्यांकन गरी सरकारी बाक्री सरह असुल उपर गर्ने लगायतका आवश्यक कार्वाही प्रकृया अगाडी बढाईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सम्झौता मिति | निर्माण कम्पनीको नाम,ठेगाना |
|---|---|---|---|---|
| १ | DROHKR/3373294/ 074/75-009 | Roadway Excavation and Structural Works on Beltarbazar-Kamphughat-Pamakham-Bhanjyang-Temke-Sapsudhap-Mayurdanda-Salpa Pokhari-Gudel-Solu Salleri (From Bun onwards) Road Solukhambhu | २०७४।१०।२६ गते | M/s. Himali Devdhunga-Om Buddha J/V, Charikot, Dolakha (First Partner : Himali Devdhunga Nirman Sewa, Sinamangal, Kathmandu. Second Partner : Om Buddha Construction Pvt. Ltd., Charikot, Dolakha) |

**कार्यालय प्रमुख**